**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं. २२२

पुनरावेदन नः- ०७७-RB-०२०१

दर्ता मितिः- २०७७।०६।२५

**मुद्दाः– मूल्य अभिवृद्धि कर (२०७१/०७२) ।**

काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १०, नयाँबानेश्वरमा संचालनमा रहेको ईभर स्टार मोटर्स प्रा.लि. (स्थायी लेखा नं. ३०४९६१८४५) को तर्फबाट अख्तियारी प्राप्त अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठ............................................................................१ } पुनरावेदक

**विरुद्ध**

श्री आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वर.......................................................१
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट..............................................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री लाल प्रसाद शर्मा पंगेनी

शुरु निर्णय मिति : २०७६/०८/१५

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः २०७७/०३/१२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री भरत कुमार लकाई

: विद्वान अधिवक्ता श्री तारादेव जोशी

प्रत्यर्थी कार्यालयहरूको तर्फबाट : विद्वान सहायक-न्यायाधिवक्ता श्री बिकास बन्जारा

**अवलम्वित नजिरः** मोहन लक्ष्मी मास्के बिरुद्ध अर्थ मन्त्रालय ने.का.प.२०६७ नि.नं.८२९४

आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरका प्रमुख कर अधिकृतबाट मिति २०७६/०८/१५ मा भएको मूल्य अभिवृद्धि कर निर्धारणको निर्णय तथा उक्त निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१२ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सवारी साधनहरूको उत्पादन तथा कारोबार गर्ने करदाता श्री इभर स्टार मोटर्स प्रा.लि (स्थायी लेखा नम्बर ३०४९६१८४५) मूल्यअभिबृद्धि कर को विल विजक, खरिद विक्री खाता तथा अन्य कागजातको कर लेखा परीक्षण सम्पन्न भई पेश गरेको कर लेखा परीक्षण प्रतिवेदनको आधारमा लाग्ने मू.अ.कर र जरिवाना समेत जम्मा रू.१६,३१,४३३।-को मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम मिति २०७६।०७।०७ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश ।

२. उक्त कर निर्धारण हुनु नपर्ने वा परिवर्तन गर्नुपर्ने कुनै ठोस प्रमाण भए पत्र प्राप्त गरेको १५ (पन्ध्र) दिन भित्र पेश गर्न आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट मिति २०७६।०७।०७ मा सूचना जारी गरिएको रहेछ ।

३. सूचना बुझिलिनको लागि यस कार्यालयबाट करदातालाई बारम्वार ताकेता गर्दा पनि पत्र बुझ्न अकार गरेको हुंदा यस कार्यालयको **Email** बाट मिति २०७६ कार्तिक १७ मा

करदाताको **Email Desmpl@live.com** मा सूचना पठाइएको रहेछ। साथै सोहि दिन नै उक्त सूचना हुलाक मार्फत करदाताको ठेगानामा समेत पठाइएको रहेछ। सो सूचनाको सम्बन्धमा करदाताले हालसम्म पनि कुनै जवाफ तथा ठोस सबुत प्रमाण पेश नगरेको साथै सम्पर्कमा समेत नआएको हुंदा उपरोक्त बमोजिम जारी भएको प्रारम्भिक कर निर्धारण आदेशलाई करदाताले स्वीकार गरेको नै मान्नु पर्ने देखियो । अतः यस कार्यालयको पत्र संख्या २०७६।०७७ च.नं. २४४ मिति २०७६।०७।०७ मा जारी गरिएको प्रारम्भिक कर निर्धारण आदेशमा कुनै परिवर्तन गर्नुपर्ने अवस्था नरहेकोले सोही कारण र आधारमा आन्तरिक राजस्व विभाग को प.सं. २०७६।०७७ च.नं. १५ मिति २०७६।०६।०८ को पत्रानुसार तथा मू.अ.कर ऐन, २०५२ को दफा २०(१) (ख) तथा नियमावलीको नियम २९(३) बमोजिम करदाताको आ.व. २०७१।०७२ को लागि देहाय अनुसार रू.१६,३१,४३३।०० कर निर्धारण गर्ने गरी आन्तरिक राजस्व कार्यालय, नयाँबानेश्वरबाट मिति २०७६।०८।१५ मा भएको निर्णय पर्चा ।

४. आन्तरिक राजस्व कार्यालय, नयाँबानेश्वरले मिति २०७६/०८/१७ मा जारी गरेको आ.व. २०७१/०७२ को मुल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी ईभर स्टार मोटर्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/१०/१२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० मा कर अधिकृतले कर निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ। करदाताले पेश गरेको **Reconcillation sheet** मा आर्थिक बर्ष २०७१।०७२ मा यस आर्थिक बर्षको आयातमा रू.१८,४४,४००।- गत आर्थिक बर्षमा नै खर्च दाबी गरेको देखियो ।कार्यालयले उक्त आयात रू.१८,४४,४००।०० लाई यस आर्थिक बर्षको थप खरिद कायम गरी कम्पनीको यस आर्थिक बर्षको औषत कूल नाफा ८५.१ प्रतिशतले हुने रू.१५,६९,५८४।४ समेत जम्मा रू.३४,१३,९८४।०० लाई २०७२ आषाढ महिनाको थप बिकी कायम गरी उक्त बिकी मूल्यको २० प्रतिशतले लाग्ने अन्तः शुल्क ६,८२,७९७।०० समेतको बिक्री रू. ४०,९६,७८१।०० मा मुल्य अभिबृद्धि कर ऐन, २०५२ दफा २०(१) (ख) बमोजिम १३ प्रतिशतले हुने रू.५,३२,५८२।०० मूल्य अभिबृद्धि कर निर्धारण गरी ऐनको दफा २९(२)(क) बमोजिम शत प्रतिशत जरिवाना रू.५,३२,५८२।०० थप दस्तुर २,३१,११५।-ब्याज रू.३,४६,१७८।-गरी जम्मा रू. १६,४२,४६७।-मूल्य अभिबृद्धि कर निर्धारण गरेको देखिन्छ। कार्यालयले अन्तिम कर निर्धारण गर्न लागेको व्यहोराको स्पष्ट आधार खोली करदाताको इमेल ठेगानामा मूल्य अभिवृद्धि कर नियमावलीको नियम २९(१) बमोजिमको सूचना पठाएको देखिन्छ। मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा २०(५) बमोजिम त्यसरी संशोधित कर निर्धारण गर्नु परेको आधार स्पष्ट खुलाई सो को

सबुद प्रमाण पेश गर्न सो व्यक्तिलाई १५ दिनको म्याद दिनुपर्ने भन्ने व्यवस्था भएकोमा कार्यालयले मिति २०७६।०७।०७ को पत्रबाट कर निर्धारण गर्नुपरेको कारण र आधार खोली इमेल मार्फत करदाताको ठेगानामा मिति २०७६।०७।१७ मा इमेल गरी पठाइएको देखिन्छ।मूल्य अभिबृद्धि कर नियमावलीको नियम ३१(१)(क) बमोजिम सूचना तामेली इमेलबाट गर्दा पनि सो व्यक्तिलाई बुझाइएको मान्नुपर्ने व्यवस्था नियमावलीमा उल्लेख भएको छ। करदाताले उक्त पत्र बुझेको तर जवाफ नदिएको आधारमा कार्यालयले मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावलीको नियम २९(१)बमोजिमको सूचना जारी गरेको देखिएकोले कार्यालयबाट भएको सूचना तामेली कानून सम्मत भएकोले करदाताको जिकिर पुग्न नसक्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१२ मा भएको निर्णय ।

६. आन्तरिक राजस्व कार्यालय, नयां बानेश्वरले करदातालाई मिति २०७६।०७।०७ मा सबुत प्रमाण पेश गर्न भनी जारी गरिएको भनिएको १५ दिने म्याद सूचना पुनरावेदक करदातालाइ प्राप्त भएको थिएन/छैन,पत्र बुझ्न इन्कार गरिएको भनाई सत्य होइन। हुलाक मार्फत पत्र जारी गरेको भनिएको पत्र हालसम्म करदातालाई प्राप्त भएको छैन।कानून बमोजिम तोकिएको बर्षभित्र कर निर्धारण गरिसक्नु पर्नेमा म्याद नघाइ कर निर्धारण भएको छ ।यस बर्षको थप खरिद रकम रु. १८,४४,४००।–लाई यस आ.व.को थप खरिद कायम गरिएको रहेछ।मूल्य अभिबृद्धि कर लाग्ने सवारी साधन उत्पादन कार्यमा प्रयोग भई बिकी समेत हुने हुंदा उक्त न्युन खरिद रकमलाई यस आर्थिक बर्षको थप खरिद कायम गरी कम्पनीको यस आर्थिक बर्षको औषत कूल नाफा ८५.१ प्रतिशतले हुने रू.१५,६९,५८४।४ समेत जम्मा रू.३४,१३,९८४।०० लाई २०७२ आषाढ महिनाको थप बिक्री कायम गरी उक्त बिक्री मूल्यको २० प्रतिशतले लाग्ने अन्तःशुल्क रू.६,८२,७९७।०० समेतको बिक्री रू.४०,९६,७८।०० मा मूल्य अभिबृद्धी कर ऐन, २०५२ दफा २०(१) (ख) बमोजिम १३ प्रतिशतले हुने रू.५,३२,५८२।०० निर्धारण गरी ऐनको दफा २९ (२) (क) बमोजिम शतप्रतिशत जरिवाना मूल्य अभिबृद्धि कर रू.५,३२,५८२।०० गरी उक्त कर अबधिमा करदाताले डेबिट बिबरण पेश गरेकोले सोही ऐनको दफा १९ बमोजिमको थप दस्तुर र दफा २६ बमोजिमको ब्याज गणना गरी मुल्य अभिबृद्धि कर निर्धारण गरिएको निर्णयमा तथ्यगत प्रमाणको पूर्णत अभाव छ। बिपक्षीले तथ्यमा प्रवेश नै नगरी थप कर भार बहन गराउने गरी भएको निर्णय र आदेश पुर्णतःत्रुटीपूर्ण छ बदर गरी पाऊ। करदातालाई थप कर रकम सम्बन्धमा सबुत प्रमाण पेश गर्ने यथेष्ट अबसर नदिई सूचना प्राप्त गरे नगरेको यकिन नगरी कानूनका मान्य सिद्धान्त बिपरित अनुमानको भरमा थप मूल्य अभिवृद्धि कर जरिवाना थप दस्तुर र व्याज सहित अन्तिम कर निर्धारण गरेको मूल्य अभिबृद्धि कर ऐन, २०५२ को कानूनी प्रावधानको विपरित रहेको, विपक्षीले कर निर्धारण गर्दा लिएका आधार र

कारण समेत कानून सम्मत नहुँदा विपक्षीको मिति २०७६।०७।०७ को गरिएको प्रारम्भिक कर निर्धारण आदेश, मिति २०७६।८।१५ को अन्तिम कर निर्धारण आदेश र सोही बमोजिम जारी मिति २०७६।८।१७ को सूचना आदेश र विपक्षी आन्तरिक राजश्व विभागबाट भएको मिति २०७७।३।१२ को निर्णय समेत बदर गरी सुपथ र सुलभ न्याय पाऊ। साथै, लगाउमा रहेको अन्तःशुल्क तथा आयकरका सम्बन्धमा करदाताले पेश गरेका सबुत प्रमाण र मिसिल संलग्न कागजातलाई प्रस्तुत मुद्दामा समेत प्रमाण लगाई पाउँ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट मिति २०७७।०६।२५ मा यस न्यायाधिकरण पेश भएको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०२/०६ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता ईभर स्टार मोटर्स प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरुद्वय श्री भरत कुमार लकाई र श्री तारादेव जोशीले आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट जारी गरिएको भनिएको १५ दिने म्याद सूचना करदातालाइ प्राप्त नभएको, कानूनमा रहेको हदम्याद र प्रक्रियालाई नजरअन्दाज गरी भएको अन्तिम कर निर्धारण आदेश त्रुटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी तथा प्रत्यर्थीहरुकातर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिलको कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री बिकास बन्जाराले आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट भएको थप मूल्य अभिबृद्धि कर, जरिवाना थप दस्तुर र व्याज निर्धारण गर्ने गरी भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

९. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको छ, छैन? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. सर्वप्रथम पुनरावेदक करदातालाई प्रत्यक्ष असर पर्ने गरी मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण गर्ने प्रक्रियामा करदातालाई सुनवाईको मौका प्रदान नगरी निर्णय भएको भन्ने प्रश्न उठाई पुनरावेदन जिकिर लिएको देखिंदा सोही प्रश्नमा विचार गर्नुपर्ने देखियो।यस सम्वन्धमा आन्तरिक राजस्व कार्यालय नयाँ वानेश्वरवाट मिति २०७६।८।१५ मा भएको निर्णयमा कार्यालयबाट सूचना बुझिलिनको करदातालाई बारम्वार ताकेता गर्दा पनि पत्र बुझ्न अस्वीकार गरेको हुंदा यस कार्यालयको Email बाट मिति २०७६ कार्तिक १७ मा करदाताको Email esmpl@live.com मा सूचना पठाइएको साथै सोही दिन नै उक्त सूचना हुलाक मार्फत करदाताको ठेगानामा समेत पठाइएको र सो सूचनाको सम्बन्धमा करदाताले हालसम्म पनि कुनै जवाफ तथा ठोस सबुत प्रमाण पेश नगरेको साथै सम्पर्कमा समेत नआएको हुंदा उपरोक्त बमोजिम जारी भएको प्रारम्भिक कर निर्धारण आदेशलाई करदाताले स्वीकार गरेको नै मान्नु पर्ने देखियो भन्ने व्यहोरा उल्लेख गरेको देखियो।

११. मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २० को उपदफा (५) मा यस दफा वमोजिम कर निर्धारण गर्दा कर अधिकृतले सम्वन्धित व्यक्तिलाई आफनो सफाइ पेश गर्न पन्ध्र दिनको म्याद दिनुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ भने मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ३१ को उपनियम (१) मा ऐन वमोजिम कुनै व्यक्तिलाई दिनु वा बुझाउनु पर्ने कुनै पनि कागजात देहायको अवस्थामा सो व्यक्तिलाई रीतपूर्वक दिएको वा बुझाएको मानिने छ भन्ने व्यवस्था गर्दै खण्ड (क) मा कुनै व्यक्तिको ठेगानामा फ्याक्स ईमेल वा त्यस्तै विधुतीय माध्यम मार्फत पठाएको भन्ने व्यवस्था रहेको पाइन्छ। प्रत्यर्थी कार्यालयबाट करदातालाई ईमेल मार्फत र हुलाकबाट रजिष्ट्री गरी सूचना प्रदान गरेको भने पनि सक्कल मिसिल हेर्दा हुलाकवाट पठाएको रजिष्ट्रीको रसिद मिसिल संलग्न देखिदैन भने Inland Revenue Department को वेवसाइटबाट प्रिन्ट गरेको IRD Mail Screen को प्रतिलिपि हेर्दा esmpl@live.com मात्र उल्लेख भएको, त्यसमा पठाएको मिति करदाताको नाम र कुनै सूचना सम्वन्धी फाइल संलग्न भएको पनि देखिदैन। यसबाट करदाताले ईमेलवाट सूचना प्राप्त गरेको भन्ने विश्वसनीय आधार देखिन सकेन।साथै यी करदाता व्यवसायिक कारोवार छाडेर सम्पर्क विहीन रहेको करदाता नभै नियमित रूपमा कारोवार गरेको र कानून बमोजिमको अवधि भित्र आय विवरण पेश गरी कानूनको परिपालना गरी रहेको बिपक्षी कर कार्यालयको सम्पर्कमा नै रहेको करदाता देखिंदा निजलाई तामेल गर्नुपर्ने सूचना तामेल गर्न नसकिने कुनै अवस्था समेत देखिन आउदैन।यस्तै प्रश्न समावेश रहेको मुद्दामा श्री सर्वोच्च अदालतवाट प्रतिरक्षा गर्न समुचित मौका नदिइ स्वच्छ (Fair Trail) को प्रक्रियामा र प्राकृतिक न्यायको सिद्धान्त विपरित भएको कारवाही बदर हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको समेत देखियो[1] ।मूल्य अभिबृद्धि कर नियमावली,२०५३ को नियम ३१ को

---

[1] मोहन लक्ष्मी मास्के बिरुद्ध अर्थ मन्त्रालय ने.का.प.२०६७ नि.न.८२९४

उपनियम (३) मा उपनियम (१) र (२) बमोजिम कागजात तामेल हुन नसकेमा सम्बन्धित व्यक्तिको नाममा रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै दैनिक पत्रपत्रिकाबाट तत्सम्बन्धी आदेशको सूचना प्रशारण वा प्रकाशन गरी सो को जानकारी गराउन सकिने छ।त्यसरी गराएको जानकारी सम्बन्धित व्यक्तिले पाएको मानिने छ भन्ने व्यवस्था समेत रहेकोमा प्रत्यर्थी कार्यालयबाट उक्त प्रक्रियाको अवलम्वन गरेको समेत देखिन आएन। उक्त कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तको रोहमा हेर्दा समेत आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरबाट कर निर्धारण गर्दा कानूनले निश्चित गरेको प्रक्रियाको पालना नगरेकोबाट आफूलाई मर्का पर्ने विषयमा प्रतिवाद गर्न पाउने प्राकृतिक न्यायको सिद्धान्त उल्लङ्घन भएको देखिन्छ।त्यसैले त्यस्तो कानूनको उचित प्रक्रिया सम्बन्धी त्रुटी गरी भएको अन्तिम कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१२ मा भएको निर्णय समेत त्रुटी पूर्ण हुँदा शुरू निर्णय एवं पुनरावलोकनको क्रममा भएको निर्णय समेत बदर भएकोले अन्य पुनरावेदन जिकिर तर्फ बिचार गरी रहनु परेन।कानून बमोजिमको प्रक्रिया पुरा गरी पुनःसंशोधित कर निर्धारण गर्नको लागि मिसिल शुरु कर कार्यालयमा पठाउन उपयुक्त हुने देखियो।

१२. तसर्थ,माथी विवेचित आधार एवं कारण समेतबाट करदाता इभर स्टार मोटर्स प्रा.लि. (स्थायी लेखा नं.३०४९६१८४५) को आ.व. २०७१/०७२ को आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरबाट मूल्य अभिवद्धि कर तर्फ अन्तिम कर निर्धारण गर्दा मूल्य अभिवद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (५) वमोजिम करदातालाई सूचना दिएको मिसिलबाट नदेखिँदा प्राकृतिक न्यायको सिद्धान्त प्रतिकुल भएको मिति २०७६।०८।१५ मा भएको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१२ मा भएको निर्णयमा समेत गम्भीर कार्यविधिगत त्रुटी देखिँदा उक्त दुवैं निर्णय वदर गरिदिएको छ। अव मूल्य अभिवद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (५) वमोजिम सूचना जारी गरी करदातालाई कार्यालयमा नै वुझाई निजले म्याद भित्र लिखित जवाफ सहित प्रमाण पेश गरेमा सो समेतलाई हेरी पुनः अन्तिम कर निर्धारण गरिदिनु भनी तारिखमा रहेका करदातालाई आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरको तारिख तोकी मिसिल समेत पठाई दिने ठहर्छ।अरुमा तपसिल बमोजिम गर्नू।

**<u>तपसिल खण्ड</u>**

१. माथी ठहर खण्डमा लेखिए बमोजिम आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वर काठमाण्डौबाट आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फ भएको अन्तिम कर निर्धारण आदेश र प्रशासकीय पुनरावलोकनको क्रममा भएको निर्णयसमेत बदर भएकोले यो फैसला प्राप्त भएपछि मूल्य अभिवद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (५) वमोजिम सूचना जारी गरी करदातालाई कार्यालयमा नै वुझाई

निजले म्याद भित्र लिखित जवाफ सहित प्रमाण पेश गरेमा सो समेतलाई हेरी आधार र कारणसहित पुनः अन्तिम कर निर्धारण गरिदिनु भनी तारिखमा रहेका करदातालाई आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरको तारिख तोकी यो फैसला सहित मिसिल आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वर काठमाण्डौमा लेखी पठाईदिनू।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः खेमकुमारी बस्नेत
कम्प्युटर टाईपः प्रदिप तिवारी
फैसला मितिःईति सम्वत् २०७९ साल फाल्गुण २८ गते रोज १ शुभम् -----------------
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणिकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप